(ख) जुनविषयमा राय माग गररएको हो सोसँगसम्बन्धित सम्पूर्ण विवरण संक्षेपमा खुलाइ सम्बन्धित कागजात संलग्न गरिएको हुनुपर्नेछ,

(ग) राय मागिएको विषयमा स्पष्टरुपमा संबैधानिक वा कानूनि पश्न उल्लेख गरिएको हुनु पर्नेछ,

(घ) जुन विषयमा राय माग गररएको हो सो विषयमा अन्य कुनै कार्यालय वा अधिकारीको समेत राय लिनु पर्ने वा अन्य कुनै प्रक्रिया पूरा गर्नुपर्ने भएमा सो सबै प्रक्रिया पूरा गरी राय मागिएको हुनुपर्नेछ,

(ङ) जुन विषयमा राय माग गरिएको हो सो विभागीय राय सहित सम्बन्धित कार्यालयको दृष्टिकोण उल्लेख भएको हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम राय माग गरिएको विषय र राय दिएको विषय गोप्य रहनेछ।

## ७. लिखित जवाफ:

सामान्य भाषामा भन्दा लिखित जवाफ रिट निवेदकको प्रत्युत्तर पत्र हो। अदालतमा रिट निवेदकले उठाएका प्रश्नहरु उपर विपक्षी वनाइएका व्यक्ति निकाय वा अधिकारीलाई निज उपर लगाइएको दोष आदिको प्रतिवाद गर्ने मौका प्रदान गरिने कार्यको प्रारम्भिक स्वरुपनै लिखित जवाफ हो। त्यसरी विपक्षी बनाइएका अधिकारी वा निकायबाट लिखित रुपमा अदालती ढाँचामा पेश हुने जवाफ लिखित जवाफ हो।

### लिखित जवाफ तयार गर्दा पुर्याउनुपर्ने रित तथा ढाँचा कस्तो हुनुपर्दछ ?

- पहिलो पृष्ठमा माथितर्फ १० से.मि., वायाँतर्फ ५ से.मि., १ पृष्ठमा ३२ लाइन मा नबढ्ने गरि प्रत्येक पृष्ठको एकापट्टिमात्र नेपाली कागजमा प्रिन्ट गर्नुपर्ने,
- कार्यालय प्रमुख आफूले पहिलो पृष्ठको शिरमा बाहेक शिर, पुछारमा छोटो सहि र अन्तिममा लामो दस्तखत गर्नुपर्ने,
- तिन पृष्ठ भन्दा बढिको लिखित जवाफ भएमा बढिमा २ पृष्ठको सारसंक्षेप प्रस्तुत गर्नुपर्ने (उच्च अदालत नि. २०७३ को दफा ४५, जिल्ला अदालत नियमावली २०७५ को नियम ३७ अनूसूची ३ को ढाँचा, उच्च अदालत नियमावली २०७३, नियम ४८, अनुसूची २ को ढाँचा तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३२ र ४० बमोजिम तयार गर्नुपर्ने।

२. लिखित जवाफ नेपाली युनिकोडमा टाइप गरी सोको विद्युतिय प्रति (CD) समेत संलग्न गरी पेश गर्नुपर्ने।

### को मार्फत लिखित जवाफ दिने ?

अदालतको आदेश बमोजिम, आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि, वा सरकारी निकायको हकमा प्रदेश सरकार र प्रदेश सरकारभित्र पर्ने नियकायहरुका हकमा मुख्य न्यायाधिवक्ताको कार्यालय मार्फत, संघिय कार्यालयहरुमा उच्च सरकारी वकील कार्यालय मार्फत भनेको हुन्छ सोही बमोजिम गर्ने,

### लिखित जवाफ कहिले पेश गर्नु पर्ने हो त ?

यो म्याद पाए वा तामेल भएको मितिले यति दिनभित्र भनेकोमा सो म्याद भित्र प्रस्तुत गर्ने।

### म्याद गणना कसरी गर्ने:

- सामान्यतया म्याद बुझेको मितिबाट म्याद सुरु हुन्छ।
- आफूकहाँ प्राप्त भएको दिनलाई १ दिन मानेर गणना गर्ने।
- घन्टा उल्लेख गरिएको रहेछ भने आफूकहाँ प्राप्त भएको समयका हिसावले,
- यति मिति भित्र भनेकोमा सोही मिति भित्र।
- तोकिएको समयभित्र मुख्य न्यायाधिवक्ताको कार्यालयमा पुर्याएर मात्रै हुँदैन अदालतमा पुर्याउनु पर्ने भएकोले सोको लागि बाटोको म्याद छुट नपाइने हुदा सो समेत विचार पुर्याउनु पर्दछ।

### म्याद तारिख थमाउन पाइन्छ ?

म्याद नाघेमा म्याद थपाउने निवेदन सहित बन्दिप्रत्यक्षीकरणको हकमा एक पटकमा बढिमा ७ दिन र अरु निवेदनका हकमा एक पटकमा बढिमा १५ दिन सम्मको म्याद थमाउन पाइन्छ।

### लिखित जवाफ तयार गर्ने मन्त्रालय वा कार्यालयले ध्यान पुर्याउनुपर्ने कुराहरुः

- निवेदन पक्षले माग गरेको चुरो कुरा एवं विवादका विषयहरुको शुक्ष्म अध्ययन गरी तयार हुनुपर्ने।
- सम्बद्ध निकाय अधिकारी संग समन्वय गरी सूचना संग्रह एवं छलफलका गरी विषयवस्तु प्रति जानकार रहनुपर्ने।
- मुद्दा कुन निकाय कार्यालयसंग सम्बन्धित छ, के विषयमा विवाद उठाइएको छ, ऐन, कानून, नीति नियम, सिद्धान्त समेतका व्यवस्थाहरुलाई केलाई सन्दर्भलाई समर्थन गर्न आधार पहिचान गर्नुपर्दछ।

निवेदनको शुक्ष्म अध्ययन, आफ्नो कुराको बुँदागत रुपमा पहिचान गरी प्रभावकारी प्रस्तुती गर्ने।

प्रदेश सरकार

# मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश नं. ५, बुटवल

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

सम्पर्कः
फोन नं.: ०७१-५५१६१६, ५५०१०७
Website: www.ca.p5.gov.np
e-mail: ca.province5@gmail.com

## १. परिचय

संविधान सभाबाट २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधान (यसपछि संविधान भनिएको) को भाग १२ धारा १६० मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने व्यवस्था छ। मुख्य न्यायधिवक्ताको नियुक्ति सम्बन्धित प्रदेशको मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने व्यवस्था रहेको छ । मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानुनी सल्लाहाकार हुनेछ र संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारिलाई राय सल्लाह दिनु पर्नेछ। प्रदेश सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा मुख्य न्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकीलबाट प्रदेश सरकारको प्रतिनिधित्व गरिने व्यवस्था गरेको छ। उक्त संवैधानिक व्यवस्था बमोजिम प्रदेश नं. ५ मा मिति २०७४ चैत्र २ गते मुख्य न्यायाधिवक्ताको रुपमा वरिष्ठ अधिवक्ता श्री ठाकुर प्रसाद डि.सी. नियुक्ति हुनु भए पश्चात मुख्य न्यायाधिवक्ताको कार्यालय बुटवलमा स्थापना भई कार्य संचालन भईरहेको छ ।

नेपालको संविधानको धारा १६० को उपधारा ७ मा मुख्य न्यायाधिवक्ताको पारिश्रमिक तथा अन्य सुविधा उच्च अदालतको न्यायाधीस सरह हुने र मुख्य न्यायाधिवक्ताको काम कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त प्रदेश कानून बमोजिम हुनेछ भन्ने व्यवस्था छ।सोही अनुसार प्रदेश नं. ५ को प्रदेश सभाले मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्तसम्बन्धी रुऐन, २०७५ मिति २०७५।०४।०८ मा बनाई लागु भएको अवस्था छ।उक्त ऐनको दफा ४ मा संविधानको धारा १६० मा उल्लखित काम, कर्तव्य, अधिकारको अतिरिक्त मुख्य न्यायाधिवक्ताले प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको संविधान वा कानूनको व्याख्या सम्वन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सम्वन्धित प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट वहस पैरवी गर्ने र प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीलाई कुनै संवैधानिक वा कानूनी प्रश्नमा राय माग गरेमा कानूनी राय दिने मुख्य काम कर्तव्य तोकिदिएको छ।

## २. दूरदृष्टि

स्वच्छ, निश्पक्ष, न्यायपुर्ण समाजको निर्माण गरी कानुनी राज्यको अवधारणालाई व्यवहारमा लागु गर्नु।

## ३. उद्देश्य

- व्यवसायिक कानुनी राय प्रदान गरी प्रदेश सरकार प्रतिको जनविश्वास बढाउने।
- प्रभावकारी रुपमा प्रदेश सरकारको प्रतिरक्षा गर्ने तथा प्रदेश सरकारको तर्फबाट मुद्दा दायर गर्ने।
- लोकतान्त्रिक शासन प्रणालीको दिगो आधार न्यायको सुनिश्चितता प्रवर्द्धन गर्ने।
- यस कार्यालयलाई ब्यवसायिक, प्रभावकारी र जनबिस्वास प्राप्त संस्थाको रुपमा स्थापना गर्ने।

## ४. रणनीति

- प्रदेश सरकार र यस मातहतका निकाय बाट माग भएमा व्यवसायिक कानूनी राय प्रदान गर्ने,
- ऐन, नियम र कार्यविधि वनाउने कार्यमा प्रदेश सरकारका मन्त्रालय तथा अन्य कार्यालयलाई राय सुझाव दिने,
- प्रदेश सरकारलाई प्रतिपक्षी बनाई दायर भएका मुद्दा एवं रीटको प्रभावकारी प्रतिरक्षा एवं मुद्दा दायर गर्ने,
- फैसलाको प्रभावकारी कार्यान्वयन गर्नेरगराउने,
- मानव अधिकारको रक्षाको लागि आवश्यक कार्य गर्ने
- हिरासत तथा थुनुवा कक्ष एवं कारागारको अनुगमन र निरिक्षण गर्ने,
- पुस्तकालय व्यवस्थापन गर्ने,
- मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत सरकारी वकील तथा कर्मचारीहरुको आचार संहिता बनाई लागु गर्ने,
- जनशक्ति व्यवस्थापन गर्ने,

## ५. मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार

संविधानले मुख्य न्यायाधिवक्तालाई प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने र संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिने संवैधानीक जिम्मेवारी तोकेको छ।

मुख्य न्यायाधिवक्तालाई मुख्य न्यायाधिवक्ताको काम कर्तब्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐनमा मुलत सम्पादन गर्ने मुख्य कार्यहरु निम्न रहेका छनः-

- प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको, संविधान वा कानूनको व्याख्या सम्बन्धी कुनै जटील संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सम्वन्धित प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको विचाराधीन मुद्दामा प्रदेश सरकारको तर्फबाट बहस पैरवी गर्ने गराउने,
- प्रदेश सरकारका मन्त्रालय, सचिवालय र सो अन्तर्गतका कार्यालयबाट अदालतमा प्रस्तुत हने लिखित जवाफ लगायतका कानूनी लिखतमा स्तर कायम गर्न कार्यालयहरुबीच आवश्यक समन्वय गर्ने,
- प्रदेश सरकार वा प्रदेशसरकारले तोकिदिएको अधिकारीले वा प्रदेश सरकार वा प्रदेश सरकारमातहतका कार्यालयहरुले कुनै संवैधानिक वा कानूनी प्रश्नमा मुख्यन्यायाधिवक्ता वा अन्य न्यायाधिवक्तासँग राय माग गरेमा कानुनी राय प्रदान गर्ने,
- प्रदेश सरकार र मातहतका निकायहरुका नाममा अदालतबाट भएका आदेश वा फैसलाहरुको प्रभावकारी कार्यान्वयन गर्ने गराउने,
- प्रदेशको मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई पत्राचार गरी कार्यान्वयनको अनुगमन गर्ने गराउने,
- प्रचलित प्रदेश कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आई परेमा वा प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भैरहेको कानून संशोधन गर्न वा बनिरहेको कानून लागू गर्नु पर्ने देखिएमा कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्ने,
- प्रदेश सरकार मातहत रहेका हिरासत तथा कारागारमा रहेका थुनुवाहरु उपर मानवोचित व्यवहार भए नभएको सम्बन्धमा अनुगमन गर्ने,
- माथि उल्लेखित मुख्य कार्यहरु समेतका जिम्मेवारी प्रभावकारी रुपमा संपन्न गरि ब्यवसायिक, प्रभावकारी र जनबिस्वास प्राप्त संस्थाको रुपमा स्थापना गर्नु।

## ६. कानुनी राय

कानुनी राय भनेको कानुनका विज्ञ वा विशेषज्ञद्धारा संबैधानिक एवं कानुनी प्रश्नमा प्रदान गरिएको औपचारिक परामर्श कानुनी राय हो र यस्तो राय कानुनी प्रश्नन मा मात्र प्रदान गरिन्छ। कानूनमा रहेको जटिलतालाई सहज, बोधगम्य र सरल बनाई निर्णय प्रक्रियालाई सहज बनाउन वा खास कुनै विवादको समाधान गर्न सघाउ पुर्याउनको लागि कानुनी राय माग गर्ने तथा प्रदान गर्ने गरिन्छ।यस्तो राय बाध्यकारी प्रकृतीको हुने नभएता पनि राय माग गर्ने अधिकारीले निर्णय गर्दा सो कुरामा विचार नपुर्याई कानून विपरित निर्णय गरेमा निर्णयकर्ताको क्षमता र आचरणमा प्रश्न उठ्न सक्छ।

### कानुनी राय माग गर्दा पुर्याउनु पर्ने रीत :

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्तसम्बन्धी रुऐन, २०७५ को दफा ७ मा कानुनी राय माग गर्दा ध्यान पुर्याउनु पर्ने रीत सम्बन्धी व्यवस्था गरिएको छ।

(१) प्रदेश सरकार वा प्रदेशसरकारले तोकिदिएको अधिकारीले वा प्रदेश सरकार वा प्रदेश सरकारमातहतका कार्यालयहरुले कुनै संवैधानिक वा कानूनी प्रश्नमा मुख्यन्यायाधिवक्ता वा अन्य न्यायाधिवक्तासँग राय माग गर्दा देहाय बमोजिमको रीत पूरा गरेको हुनुपर्नेछः-

(क) जुनविषयमा राय माग गरिएको हो सो विषयमानिर्णय गर्ने अधिकार त्यस्तो राय माग गर्ने कार्यालयवा अधिकारीलाई भएको हुनुपर्नेछ।